जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २७७ २०८२ साल जेठ २७ गते मंगलबार (10 June 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सूचनाको हक प्रयोगको.. ३ पृष्ठमा : भूकम्प र बाढीपहिरोले थिलथिलियो ... ३ पृष्ठमा ट्रम्पको यात्रा प्रतिबन्ध,...

## तालाबन्दी र धर्नाका कारण राजविराज नगरपालिकाको कामकाज प्रभावित

## शतप्रतिशत योजना कार्यान्वयन हुनेमा शंका

**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

राजविराज नगरपालिकाको कार्यालयमा दुई दिनदेखी लगाइएको ताला अझै खुल्न सकेको छैन् । जसकारण कार्यालयको दैनिक कामकाज तथा सेवाग्राहीहरुले पाउनु पर्ने सेवा समेत प्रभावित बन्न पुगेको छ ।

नगरपालिकामा भ्रष्टाचार बढेको, प्रमुख प्रशासकीय अधिकृत डा. श्रवण साहको सरुवाको बिरोध तथा मनपरीतन्त्र लगायतको बिरोध गर्दै निलम्बित मेयर भिमराज यादवको नेतृत्वमा आइतबार नगरपालिका कार्यालयमा तालाबन्दी गरिएको हो ।



यस्तै नगर क्षेत्रमा भएको सिसिटिभी क्यामेरा जडान प्रकरणमा छानवीन, नगरको ६८ विगहा क्षेत्रमा ब्लक र विटौरी जग्वगामा वसोवास गर्दै आएको ५ हजार भन्दा बढी लालपुर्जाबाट बञ्चित परिवारलाई लालपूर्जा प्रदान, हटिया बजारको व्यवस्थापन, नगरका जीर्ण सडक र नालाको मर्मत सम्भार, लामखुट्टे विरुद्धको औषधी छर्कीने व्यवस्था लगायतका माग अघि सार्दै तालाबन्दीसँगै आइतबारदेखी नगरपालिका परिसरमै धर्ना सुरु गरिएको छ । उनले माग पुरा नभए आमरण अनशनमा वस्ने चेतावनी समेत दिएका छन ।

यता नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाइ समितिको अगुवाईमा ११ बुंदे माग राखी कर्मचारीहरुले थालेको धर्ना चौथो दिन पनि जारी छ । उनीहरुले प्रमुख प्रशासकिय अधिकृत डा.श्रवण साह र योजना अधिकृत मनोज कुमार यादवलाई कारवाही र सरुवा गरिनु पर्ने प्रमुख माग उठाएका छन ।

यस्तै १५ वर्षदेखी करार सेवामा कार्यरत इ. अशोक दासलाई कार्यपालिकाको निर्णय विपरित प्रमुख प्रशासकिय अधिकृत डा.साहले एकलौटी ढंगले हटाउने गरेको निर्णय फिर्ता, आ.ब.२०८०/०८१ मा वडा कार्यालयहरुमा काम गरेका दैनिक ज्यालादारी कर्मचारीहरुको १६ दिनको बाँकी रहेको तलब भुक्तानी लगायतका ११ बुंदे माँग अघि सार्दै आन्दोलन गर्दै आएका छन ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकिय अधिकृत डा.साहलाई रौतहटको एक स्थानीय तहमा सरुवा गरेको पत्र समेत पठाइ सकेको छ भने मन्त्रालयले निजको ठाँउमा नगरपालिकाका शिक्षा शाखा प्रमुख भोगेन्द्र यादवलाई प्रमुख प्रशासकियको रुपमा काम गर्न जिम्मेवारी दिएको छ ।

यसरी आर्थिक वर्षको पूर्वसन्ध्यामा राजविराज नगरपालिकामा गरिएको तालाबन्दी र धर्ना कार्यक्रमले सबै काम अस्तव्यस्त बन्न पुगेको छ । निलम्बित मेयर यादवको नेतृत्वमा गरिएको तालाबन्दी र कर्मचारीहरुले विभिन्न ११ बुदे माग राख्दै थालेको धर्ना कार्यक्रमले नगरपालिकाको विकासीय योजना समेत प्रभावित हुने देखिएको छ । अधिकांश विकासीय योजना संचालनमा आउन नसक्दा वडाअध्यक्षहरु समेत अन्यौलमा परेका छन् । आर्थिक वर्ष बित्न

***बाँकी दुई पृष्ठमा***

## एक महिलासहित दुई फरार प्रतिवादी पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

सप्तरी जिल्ला अदालतले विभिन्न मुद्दामा कैद सजाय तोकेका दुई फरार प्रतिवादीलाई प्रहरीले सोमबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा नागरिकता मुद्दामा अदालतबाट एक वर्ष ५ महिना ३ दिन कैद सजाय तोकिएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका २ का ५५ वर्षिय महाबिर मण्डल र लेनदेन विगो मुद्दामा एक महिना कैद सजाय तोकिएका हनुमाननगर कंकालिनी नगरपालिका ७ की ५० वर्षिया गुडियादेवी छन् ।

दुबै जनालाई गाउँघरमा लुकी बसेको अवस्थामा प्रहरी चौकी बरहीविरपुर र इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटेको टोलीले पक्राउ गरेको प्रहरी निरिक्षक उदयकुमार राइले जानकारी दिए ।

पक्राउ परेका प्रतिवादीबाट कुल एक वर्ष ६ महिना ३ दिनको कैद सजाय भुक्तान गर्नु पर्नेछ । पक्राउ परेका दुबै जनालाई सोमबार नै अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

## मधेश प्रदेशका ८ वटै पत्रकार महासंघका लागि प्रदेश सरकारले बजेट बिनियोजन गर्दै



**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेशका ८ वटै जिल्लाका नेपाल पत्रकार महासंघलाई आ.ब. २०८२/८३ को बजेटमार्फत बजेट बिनियोजन गरि सहयोग गर्ने भएको छ ।

प्रदेशका गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखीले प्रदेशका ८ वटै जिल्लाको पत्रकार महासंघको कार्यालय संचालनका लागि बजेट बिनियोजन गर्ने जानकारी दिएका हुन् ।

"८ वटै जिल्लाका नेपाल पत्रकार महासंघको कार्यालय संचालनका लागि पहिलो पटक बजेट बिनियोजन गर्न लागिएको छ ।" मन्त्री लेखीले भने, "आउँदो आर्थिक वर्षमा ती सबै शाखाहरुका लागि बजेट मार्फत कम्तिमा ५/५ लाखको दरले रकम बिनियोजन गरिदैछ ।"

उनले भने, "कतिपय महासंघको कार्यालय संचालनमा बजेटकै अभावले नियमित कार्य गर्न कठिनाई भइरहेको छ, सो अवस्था आउन नदिन मैले प्रदेश सरकारबाट थोरै भएपनि बजेट राख्न पहल गरेको हुँ ।"

"म पनि पत्रकारिता क्षेत्रबाट आएको व्यक्ति हुँ, पत्रकारहरुको पीडा, दुःख र कष्ट बुझेको छु, उनीहरुको दुःख, कष्टमा थोरै भएपनि सहयोग गर्नेतर्फ लागिपरेको छु ।" मन्त्री लेखीले राजविराज दैनिकसँग कुराकानी गर्दै भने- पत्रकारिता क्षेत्रको बृद्धि, विकासका लागि म कटिबद्ध छु ।"

यसअघि मन्त्री लेखीकै प्रयासमा यस वर्षको गणतन्त्र दिवसको अवसरमा पहिलो पटक मधेश प्रदेशका करिब डेढ दर्जन प्रेस स्वतन्त्रता सेनानीहरुलाई नगद राशीसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

"गणतन्त्र स्थापनाका लागि संचारकर्मीहरुको योगदानको कदर गर्दै प्रदेश सरकारले सम्मान गरेको हो । उनले भने, "यस बाहेक प्रदेश सरकारले संचारकर्मीहरुको जिवन वीमाका लागि पनि आगामी बजेटमा रकम बिनियोजन गर्दैछ ।"

## प्रधानमन्त्री ओलीले माधव नेपालप्रति प्रतिशोध साध्न अख्तियारलाई अगाडी सारेको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) जिल्ला कमिटि सप्तरीले आफ्ना पार्टीका अध्यक्ष माधव कुमार नेपाललाई प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिशोध लिन र नेपाली जनतामा उनको स्वच्छ छविमा दाग लगाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अगाडी सारेको आरोप लगाएको छ ।

जिल्ला कमिटि सप्तरीका अध्यक्ष प्रताप नारायण चौधरी र केन्द्रिय सदस्य एवं जिल्ला इन्चार्ज गोबिन्द बहादुर न्यौपानेद्वारा सोमबार जारि विज्ञप्ति मार्फत सो आरोप लगाइएको हो ।

विज्ञप्तिमा नेकपा एसका राष्ट्रीय अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल उपर प्रतिशोध साध्ने किसिमले वर्तमान सरकार र सरकारको नेतृत्व गरी राखेका प्रधानमन्त्री के.पी. शर्मा ओलीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत शुरु गरेको षडयन्त्रप्रति घोर निन्दा र भर्त्सना समेत गरिएको छ ।

"पछिल्लो काल खण्डमा नेकपा एमालेका नेतृत्वमा पुग्नु भएका पार्टीका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्री के. पी. (खड्ग प्रसाद) शर्मा ओलीको व्यक्तिगत महत्वाकांक्षी योजना र उनको तानाशाही कदमको विरोधका कारणले नेकपा एमालेबाट अलग भई नेकपा एसको जन्म गराई नेपाल निरन्तर पार्टीलाई बलियो बनाउन क्रियाशील रहेकोमा सोही विषयको प्रतिशोध लिन प्रधानमन्त्रीले अख्तियारलाई अगाडी सारिएको घटनाप्रति घोर निन्दा र भर्त्सना गर्दछ ।" विज्ञप्तिमा उल्लेख छ ।

सोही विज्ञप्तिमा सप्तरीवासी र समस्त देशवासीलाई ओली सरकारको कपटपूर्ण र प्रतिशोधी कार्यले भ्रममा नपर्न र अडिग भई वामपंथको अभियानमा अगाडी बढ्न सप्तरी जिल्ला कमिटिद्वारा सबैमा आह्वान गर्ने निर्णय पनि गरिएको छ ।

## बुधबार मधेश प्रदेशमा बिदा

**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

मधेश प्रदेश सरकारले जेठ २८ गते प्रदेश भरी सार्वजनिक विदा दिएको छ ।

गत बैशाख २१ गते गृह, संचार तथा कानुन मन्त्रालयले बैशाख २३ गते जानकी नवमी र जेठ २८ गते कबिर दास जयन्तीको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

सोही निर्णय बमोजिम जेठ २८ गते बुधबारका दिन प्रदेश भरी सार्वजनिक बिदा दिइएको हो ।

**घरभाडा चाहिएमा**

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस् ।

राजविराज ४

९८४२८२१०८२, ९८१९७२५०८२

## सम्पादकीय

# जनता दरवारलाई व्यक्तिगत नबनाऔं

राजविराज नगरपालिका कार्यालयमा भएको तालाबन्दीका कारण जनताले पाउनु पर्ने सेवा सुविधाबाट बञ्चित भएका छन् । आर्थिक वर्षको पूर्वसन्ध्यामा गरिएको तालाबन्दीले जनताले मात्र नभएर कार्यालयको सम्पूर्ण कामकाज समेत प्रभावित बन्न पुगेको छ । आर्थिक वर्षको अन्त्यतिर हुने गरेको विभिन्न प्रशासनिक, आर्थिक सामाजिक तथा अन्य कामकाज समेत ठप्प भएको छ । यतिमात्र नभएर विभिन्न विकासीय योजनाका कामहरु पनि सम्पन्न हुनेमा शंका उत्पन्न भएको छ । जहिले पनि विकासीय कार्यहरु वर्षको अन्त्यतिर नै गर्ने बानीले अहिले उब्जिएको परिस्थितिले पक्कै पनि आगामी दिनका लागि नगरपालिकाले पाठ सिकेको हुनुपर्छ ।

निलम्बित मयेर पक्षधरले नगरपालिकामा भ्रष्टाचार बढ्यो, प्रमुख प्रशासकीय अधिकृतको सरुवा बदर लगायत अन्य मागका साथ तालाबन्दी गरेका छन् भने कर्मचारी पक्षले प्रमुख प्रशासकीय अधिकृत तथा योजना प्रमुखको सरुवा हुनुपर्ने लगायतका माग राख्दै धर्ना दिइरहेका छन् । यसरी दुई पक्षको अडानले अहिले नगरपालिका बन्धक झैं बनेको छ । दुबै पक्षले गरेको आन्दोलनले अहिले नगरपालिकाको छवि बिग्रने निश्चित छ । कीन भने आन्दोलनकै कारण यस पटकको बजेट फ्रिज हुने स्थिति आएमा आगामी वर्ष आउने विभिन्न शिर्षकको बजेटमा कटौती हुनेछ । जसले गर्दा विभिन्न विकासीय कार्यहरुमा कटौती हुने र यसबाट सबैभन्दा बढी जनताले दुःख पाउने निश्चित छ । "जुंगाको लडाईमा गोरुको जुदाई" उखान ठ्याक्क अहिले राजविराज नगरपालिकामा देखिएको छ ।

नगरपालिका कुनै एक दुई व्यक्तिको होइन् । जनताकै मतबाट निर्वाचित भएर आएका जनप्रतिनिधिहरुले पालिकामा जनताकै सेवा गर्ने हो । जब जनताको सेवा गर्न आएका जनप्रतिनिधिहरुले जनतालाई नै असर पर्ने गरि काम गर्छन् भने उनीहरु औचित्य हुदैन् । तसर्थ अझै बेला छ, नगरपालिकालाई जनता दरवारको रुपमा विकसित गर्नुस्, कोही कसैले व्यक्तिगत स्वार्थका लागि प्रयोग नगरुन् । यसमै सबैको भलो छ । जनताले सबै खेलाबेला हेरिरहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सूचनाको हक प्रयोगको महत्व, नागरिक अभियान र सरकारी स्वीकार्यता

**उमीद बागचन्द**
काठमाडौँ, २६ जेठ (रासस) ।

आमनेपाली नागरिकको मौलिक हकका रूपमा रहेको सूचना हकलाई सबैका लागि सहज पहुँच बनाउन, सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउने उद्देश्यले परिकल्पना गरिएको यस सूचनाको हकसम्बन्धी ऐन २०६४ व्यावहारिक रूपमा कार्यान्वयनको बाटोमा अघि बढिरहेको छ । यो ऐन कार्यान्वयनले सुशासन कायम गर्न टेवा दिने मात्र नभई सार्वजनिक निकायलाई जवाफदेही र जिम्मेवार बनाउने काम गर्दछ । यो ऐनको व्यावहारिक रूपमा प्रयोग गरेर सार्वजनिक निकायलाई जवाफदेही र जिम्मेवार बनाउन नागरिक स्तरबाट समेत सूचनाको हकको अभियान सञ्चालन मात्र गरिएको छैन, सूचनाको हकको प्रवर्द्धनमा समेत अभियानकर्ताहरू लागिपरेका छन् । फलस्वरुप सार्वजनिक निकायका सूचना अधिकारीहरू पनि सूचना दिने कार्य गरिरहेका छन् । विगतको तुलनामा सूचना माग्ने र दिने क्रम पनि बढेको छ ।

सार्वजनिक निकायले गर्नुपर्ने अनिवार्य कानुनी प्रावधानका रूपमा रहेको तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने कार्य केही हदसम्म हुँदै पनि आएको छ । सूचना माग्ने र दिन परम्पराको थालनी भएको छ भन्न सकिन्छ । यो कानुन सुशासनका लागि महत्वपूर्ण औजारका रूपमा प्रयोग गर्ने केही कार्यालयहरू पनि बढ्दै गएको पाइन्छ । यो कानुनको सबै सार्वजनिक निकायहरूले व्यावहारिक रूपमा प्रयोग र कार्यान्वयन गर्ने वातावरण सिर्जना हुँदै आएको छ । निजगढ विमानस्थल बनाउने भनिएको क्षेत्रको सूचनाको हक प्रयोग गरेर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बाहिर आएपछि लामो समयसम्म अन्योलमा रहेको निजगढ विमानस्थलको कार्यले निकास पाएको छ । सूचनाको हक प्रयोग गरेर मागेको सूचनाले धेरै कुराको खुलासा गरी गलत हुन लागेको काम रोकिएको छ ।

**कानुनमा भएका व्यवस्थाः**

सूचनाको हकसम्बन्धी ऐन २०६४ जनताको सूचनाको हकलाई संरक्षण गर्न र सरल पहुँचका लागि बनाइएको ऐन हो । यस ऐनले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाहीको निर्णयसँग सम्बन्धित कुनै लिखित सामग्री वा जानकारीलाई नै सूचना हो भनी सूचनालाई परिभाषित गरेको छ । यसको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक प्रदान गरेको छ, तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छन भनी उल्लेख गरेको छ ।

यस ऐनको अनुपालन गर्नका लागि आवश्यक निर्देशन प्रदान गर्न नियमावलीको निर्माण गरिएको छ । यो ऐन कार्यान्वयनका सवालमा सरकारका हरेक निकायमा सूचना अधिकारी तोक्नुपर्ने अनिवार्य कानुनी व्यवस्था छ । अतः कुनै पनि सिद्धान्त तथा कानुन जति महत्वपूर्ण हुन्छ, त्यसको कार्यान्वयन पक्षले पनि त्यत्तिकै महत्व राख्दछ । कार्यान्वयन कति हुन सक्यो र त्यसको प्रभाव कति रह्यो भन्ने नै महत्वपूर्ण हुन्छ । कानुनीमा व्यवस्था छ तर व्यवहारमा कार्यान्वयन पक्ष कमजोर छ भने कानुनको औचित्य रहँदैन ।

**सूचनाको हकसम्बन्धी कानुन २०६४ कार्यान्वयनको व्यावहारिक पाटो :**

संविधानको धारा २७ मा नागरिकलाई सूचनाको हकसम्बन्धी हक भए तापनि यसको कार्यान्वयनको पाटो कति अव्यवस्थित छ भन्ने केही उदाहरणहरू लिन सकिन्छ । कतिपय कार्यालयमा समयमै सूचना अधिकारी तोकेको नहुनु, सूचना अधिकारीको सरुवा भएको महिनौँ बितिसक्दा पनि दोस्रो व्यक्तिलाई सूचना अधिकारी नतोकिनु, वेबसाइटमा नाम भएको सूचना अधिकारीको व्यक्ति त्यहाँ हुँदैनन् । त्यस्तै, अधिकांश कार्यालयले सूचना अधिकारीको मोबाइल नम्बर उल्लेख नगर्नु ल्यान्डलाइन फोनको नम्बर दिएको हुन्छ, त्यो फोन नम्बर पनि या त लाग्दैन, लागे पनि उठ्दैन, उठ्यो भने पनि सूचना अधिकारी त्यहाँ हुँदैनन् ।

गणतन्त्रलाई संस्थागत गराउने कार्यका लागि सरकारका काम कारबाहीलाई जवाफदेही, जिम्मेवार र पारदर्शी हुनुपर्ने हुन्छ । यसका लागि जनतालाई सुशासनको अनुभूति गराउनाका साथै जनताप्रति उत्तरदायी सरकार छ भन्ने पहिचान गराउनसमेत महत्वपूर्ण औजारको रूपमा रहेको यो कानुनको कार्यान्वयन गराउन सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ र राष्ट्रिय सूचना आयोगलाई चलायमान गराउन आवश्यक सहयोग गर्नु सरकारको अपरिहार्य दायित्वलाई सरकारमा बस्नेहरूले नकार्न मिल्दैन । अतः यसका लागि सरकारले विशेष योजनाका साथ तल्लो तहका जनतासम्म यसको सन्देश पुऱ्याउन आवश्यक हुन्छ । साथै, राष्ट्रिय सूचना आयोगद्वारा प्रभावकारी अनुगमन र नागरिक स्तरबाट सञ्चालन गरिएका अभियानहरू र उनीहरूले सम्पादन गरेका सकारात्मक गतिविधिहरूलाई प्रशंसा गर्ने पद्धतिको विकास हुनुपर्ने भन्ने हो ।

**नागरिक प्रयासमा यो अभियान :**

अन्तरराष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवसका अवसरमा सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले सुरु गरेको सूचना माग्ने एकमहिने अभियानअन्तर्गत ७५३ वटै पालिकालगायत सरकारी कार्यालयहरू र अन्य सार्वजनिक निकायहरूबाट झन्डै एक हजारभन्दा बढी सूचना मागिएका छन् । हाल उक्त अभियानलाई समय बढाएर निरन्तरता दिइएको छ । राजधानीमा यो अभियानले तीव्रता लिएको छभने राजधानीदेखि बाहिर पनि यो अभियानले गति लिँदैछ ।

सूचनाको हकको कानुन आएपछि दुईपटक यो कानुनको मर्मलाई तोड्ने प्रयास भएको देखिन्छ । प्रथमत : डा बाबुराम भट्टराई प्रधानमन्त्री रहनुभएको बेलामा पहिलोपटक सूचनाको वर्गीकरणका नाममा सरोकारवालाको सुझाव तथा सहभागिताबिना गरिएको सूचनाको वर्गीकरण गर्ने कार्य भयो । यस सम्बन्धमा सर्वोच्च अदालतमा रिटसमेत परेको थियो र सो रिटमा सर्वोच्च अदालतले व्याख्यासहित अहिलेलाई कार्यान्वयन नगर्नु /नगराउनु भन्ने आदेश दिएपछि त्यो बेलाको सूचनाको वर्गीकरण रोकिएको थियो । लामो समयसम्म रोकिएको सूचनाको वर्गीकरण गर्ने कार्य दोस्रोपटक तत्कालीन सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सरकारले पूर्णता पाउन नसकिरहेकै अवस्थामा ८७ वटा सूचनाको वर्गीकरणको प्रयास भएको थियो । यसमा पनि सर्वोच्च अदालतले कायम गरेको नजिरको बेवास्ता गरिएको थियो । नागरिक सहभागिता तथा सरोकारवालासँगको छलफलबिना नै वर्गीकरणा समितिले ल्याएका कारण नागरिक स्तरबाट विरोध गरेपछि रोकिएको थियो । यसले के सङ्केत गर्दछ भने सरकारी संयन्त्र सूचनाको हकको सम्बन्धमा सकारात्मक नदेखिएको भान हुन्छ ।

**'सूचनाको हक' सञ्चारमाध्यमका विषयवस्तुमा पर्न नसकेको विषयः**

जताततै भ्रष्टाचार र सेटिङको पद्धतिले गाँजिएको राजनीतिक परिस्थिति र अर्थतन्त्रको अवस्था देशमा विद्यमान रहेको छ । यस गिजोलिएको परिस्थितिलाई केही हदसम्म सूचना मागेर जिम्मेवार निकायलाई जिम्मेवार, जवाफदेही र पारदर्शी बनाउन सक्ने यो कानुनका सवालमा भए गरेका र हुनुपर्ने भन्ने विषय सञ्चारमाध्यमहरूको विषयवस्तु बन्न सकेको छैन । पछिल्लो समयमा राजधानी काठमाडौँमा सूचनाको हकका लागि राष्ट्रिय महसङ्घले दुईमहिने सूचना माग्ने अभियान सञ्चालन गरेको थियो । काठमाडौँ महानगरपालिकाका सबै वडा र अन्य पालिकामा अभियन्ताहरू र स्थानीयले विभिन्न विषयमा सूचना माग्ने कार्यलाई तीव्रता दिएका छन् । देशका ७५३ वटा पालिकामा सूचना मागेर सूचना दिएका विवरणहरू पनि आइरहेका छन् । यी विषयहरू सञ्चारमध्ययमको उठानमा पर्न सकेको छैन । यसका लागि सुरुआतमा कम्तीमा सरकारले आफ्ना सरकारी सञ्चारमाध्यमहरूबाट सूचनाको हकको कानुनको महत्व र प्रयोग आमजनतामा पुऱ्याई सरकारलाई जवाफदेही, जिम्मेवार र पारदर्शी बनाउन सञ्चारमाध्यमबाट स्वतः प्रसारण गर्ने वातावरण सिर्जना गर्नुपर्छ भन्ने हो । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय सूचना आयोग र सूचनाको हकका लागि राष्ट्रिय महासङ्घको संयुक्त प्रयास हुने वातावरण सिर्जना हुन जरुरी छ ।

नागरिक अभियानका रूपमा सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले आफ्ना सञ्जालहरूमार्फत पालिकास्तरसम्म सूचनाको हकसम्बन्धी सन्देश पुऱ्याउने प्रयास गरेको छ, तर स्रोत साधन नहुँदा प्रभावकारी हुन सकिरहेको छैन । यसका लागि सरकारको सकारात्मक धारणाका साथ नीति तथा कार्यक्रममै उल्लेख हुन जरुरी हुन्छ र महासङ्घजस्ता नागरिक अभियानहरूसँग सहकार्य र सहयोग गर्दै प्रभावकारी योजना र रणनीति बनाइनु आवश्यक हुन्छ । सूचनाको हकलाई अनावश्यक झन्झटका रूपमा हेरिएको कारणले नियमानुसार सहज रूपमा सूचना पाउन नसकिरहेको अहिलेको अवस्था हो ।

**प्रभावकारी कार्यान्वयन र समाधानका उपायः**

यो ऐनको उत्पत्तिको आवश्यकता नै जनताको संविधानले प्रदान गरेको सूचनाको हकलाई व्यावहारिक रूपमा प्रयोगको सुनिश्चित गराउनु हो । तर जुन मर्मले यो कानुन ल्याइएको हो त्यसको पालना भने अहिलेसम्मका कानुनले भनेअनुसार सरकारी निकायमा बसेका अधिकारीहरूले बुझ्ने प्रयास नगरेको र वास्तासमेत नगरेको बेलाबखतमा कतिपय अभियन्ताहरूको बुझाइ रहेको देखिन्छ । सरकारी निकायहरूबाट कानुनको व्यावहारिक कार्यान्वनका लागि विशेष कार्ययोजनाका साथ लागू गर्ने गराउने प्रयास भए गरेको देखिँदैन ।

साथै, आमनागरिकले समेत सूचना माग्ने वातावरण सिर्जना गर्ने वातावरण बन्नुपर्छ । सरकारीस्तरबाट सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिने वातावरण बन्नाका साथै राष्ट्रिय सूचना आयोगको दायरा फराकिलो पारिनुपर्छ । त्यसका लागि सरकारले राष्ट्रिय सूचना आयोगलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराएर सहज रूपमा काम गर्ने वातावरण सिर्जना हुनुपर्ने अभियन्ताहरूको बुझाइ छ । साथै, सूचनाको हकसम्बन्धी जानकार, अग्रजहरू तथा पूर्वआयुक्तहरू र अभियान्ताहरूबीच छलफल हुन समेत जरुरी हुन्छ । सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले पनि योजनाबद्ध रूपमा त्यसलाई अनुशरण गर्ने वातावरण बनाउन जरुरी हुन्छ । (लेखक सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ केन्द्रीय अध्यक्ष हुनुहुन्छ)

## *तालाबन्दी र धर्नाका ...*

केही दिन मात्र रहेकाले विभिन्न विकासीय योजनाहरु शतप्रतिशत कार्यान्वयन हुनेमा शंका समेत उत्पन्न भएको छ ।

केही दिन अघि मात्र नगरपालिकामा दुई वटा आन्दोलनहरु भएका थिए । सरसफाईकर्मीहरुले गत वर्षको १६ दिनको तलब नपाएको भन्दै आन्दोलन गरेका थिए भने गत माघ १ गते नगरपालिकाको गाडीको ठक्करबाट घाइते भएका बोदेबरसाइन नगरपालिकाका १५ वर्षिय किशोर घाइते हुँदा उपचार खर्चको माग गर्दै आफन्त र स्थानीयहरुले आन्दोलन गरेका थिए ।

यसैबीच सोमबार प्रमुख जिल्ला अधिकारी भोला दाहालको विशेष पहलमा तालाबन्दी खोल्ने विषयमा बोलाइएको वार्ता निष्कर्षबिहीन टुङ्गिएको नगरपालिकाका कार्यवाहक मेयर इसरत परविनले जानकारी दिएकी छिन् ।

# भूकम्प र बाढीपहिरोले थिलथिलियो बिपी राजमार्ग

**राजकुमार पराजुली**
काभ्रेपलाञ्चोक, २६ जेठ (रासस)।

सङ्घीय राजधानी काठमाडौँलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एकमात्र वैकल्पिक र अत्यन्त महत्वपूर्ण सडकमार्गमा रहेको बिपी राजमार्गका सडकखण्ड अहिले थिलथिलो अवस्थामा पुगेको छ। उक्त राजमार्गको मध्यक्षेत्र भत्किएको र बगाएको तथा जोखिमपूर्ण अवस्थाबाट गुज्रिएको छ। वर्षायाममा केही भागमा क्षति पुऱ्याए पनि गतसाल असोजमा भएको अबिरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाइदिएको छ।

विसं २०७२ को विनासकारी भूकम्पले केही सडकखण्ड क्षतिग्रस्त बनाएको थियो भने केही सडकखण्ड जोखिमकै अवस्थामा रहेका थिए। देशकै उत्कृष्ट मानिएको यो राजमार्ग जापान सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा धुलिखेल-सिन्धुली-बर्दिवास एक सय ६० किलोमिटर लामो सडक बनेको हो। करिब २६ अर्ब जापानी रुपियाँ बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग सिधा जोड्को हो। यस राजमार्ग निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै नारायणघाट-मुग्लिन-काठमाडौँ घुम्नुपर्ने झन्झट हटाइदिएको थियो।

सङ्घीय राजधानी काठमाडौँबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँग समेत जोडिएको छ। तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई बाढीले थप क्षतिग्रस्त बनाएको हो। राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन्। वर्षा भएका बेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो बाटो बन्द हुने अवस्था निम्तिएको छ।

गत सालको बर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेंसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले नराम्रो क्षति पुऱ्याएको हो। विशेषगरी नेपालथोक-आँपटार, कालढुङ्गा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुलगायतका ठाउँमा सयौं मिटर सडक बगाएको छ। त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो। हाल बर्षायात्रम सुरु भैसकेकाले उक्त राजमार्गले कति ठूलो क्षति ब्यहोर्ला भन्नेमा अनुमान गर्न सकिएको छैन। काभ्रेपलाञ्चोक तर्फको नार्केबजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र बेंसीका सडकखण्ड पूर्णरूपमा बगाएको छ।

गत सालको वर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत वैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको छ। यस राजमार्गको क्षतिग्रस्त क्षेत्रको स्थायी पुनर्निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइए पनि बर्खाको कारण काम अघि बढ्न सकेको छैन। अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गर्दै साढे आठ अर्ब रुपैयाँको सहमति दिएको थियो। सडक विभागले तयारी पनि गरेको छ, तर वर्षात्ले काम सुरु गर्न मुस्किल बनाइरहेको छ। सडक विभागको अध्ययन प्रतिवेदनअनुसार अनुसार करिब ३० किलोमिटरको पुनर्निर्माणमा मात्रै रु १० अर्ब लाग्नेछ। त्यसमध्ये पनि करिब आठ किलोमिटर सडक त पूरै कटान भएको छ, जहाँ नयाँ ट्र्याक बनाउनुपर्ने देखिन्छ। भौगोलिक जटिलता र बारम्बारको बाढीले काम झनै चुनौतीपूर्ण बन्दै गइरहेको छ।

जापान सरकारको अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को प्राविधिक अध्ययनले बिपी राजमार्गमा १६ टनभन्दा माथिको सवारी साधन सञ्चालन गर्न रोक लगाएको छ। तर व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवारी साधन सञ्चालन गर्दै आइरहेका छन्। बिपी राजमार्गमा ट्रिपरले २५ टनसम्म गिट्टी वालुवा लिएर निर्वाधरूपमा सञ्चालन हुने गरेपनि नियम कार्यान्वयन गर्ने प्रहरी भने मूकदर्शक बन्ने गरेको देखिन्छ। बिपी राजमार्गको संरचना भत्काउने मुख्य कारकको रूपमा यस सडकमा सञ्चालन हुने ट्रिपर रहेका छन्। दैनिक यस सडकमा छ सयभन्दा बढी ट्रिपर क्षमताभन्दा बढी भार लिएर सञ्चालन भइरहेका छन्। बेलाबखत प्रहरीले जाँच गरे पनि नियमिति रूपमा अनुगमन हुन सकिरहेको छैन। यसको फाइदा ट्रिपर व्यवसायीले उठाउँदै आएका छन्। सङ्गठित रूपमा ट्रिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बिपी राजमार्गको संरचनालाई जोखिममा पारिहरेका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना-ठूला गरी दैनिक तीन हजारभदा बढी सवारी साधन आवतजावगत गर्ने गरेका छन्। मुग्लिन-नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकाशं साना सवारी साधन बिपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन्। यस सडकमा ट्रिपर, मिनी बस, टाटासुमो र माइक्रो बस बढी सञ्चालन हुने गरेका छन्।

यसैबीच गत असोज दोस्रोसाता रोशी खोलाको बाढीले विपी राजमार्गको क्षतिग्रस्त सडकखण्ड चार खण्डमा पुनर्निर्माण हुने भएको छ। डिभिजन सडक कार्यालय भक्तपुरले राजमार्गअन्तर्गत क्षति पुगेको काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि सिन्धुलीको बर्षेखोलासम्मको सडकलाई चारखण्डमा पुनर्निर्माण गर्ने जनाएको हो। कार्यालयका अनुसार क्षतिग्रस्त सडकखण्डमध्ये नेपाल सरकारको लागतमा तीन खण्डको पुनर्निर्माण गरिने हुनेछ। यस्तै एक खण्ड पुनर्निर्माणका लागि जापान सरकारलाई अनुरोध गरिएपछि सकारात्मक देखिएको कार्यालयले जनाएको छ। काभ्रेपलाञ्चोकतर्फको तीन खण्डमध्ये दुई खण्ड र सिन्धुलीतर्फको एक खण्डका लागि बोलपत्र आह्वान गरिसकिएको छ। क्षतिग्रस्त सडकखण्ड पुनर्निर्माण गर्दा साबिककै सडक ट्र्याकबाटै सडक पुनर्निर्माण गरिने कार्यालयले जनाएको छ।

काभ्रेपलाञ्चोकतर्फ भकुन्डेबेंसीदेखि चार सय बैँसीसम्मको करिब ११ किलोमिटर सडक र डालाबैँसीदेखि चार सय बैँसीसम्मको ८ दशमलव ५ किलोमिटर सडक तथा सन्धुलीतर्फ बर्खेखोलादेखि नेपालथोकसम्मको चार किलोमिटर सडकखण्ड पुनर्निर्माणका लागि बोलपत्रको सूचना प्रकाशित भइसकेको डिभिजन प्रमुख सिनियर डिभिजनल इन्जिनीयर सुमन योगेशले जानकारी दिनुभयो। उहाँका अनुसार बिपी राजमार्ग क्षतिग्रस्त सडकखण्ड पुनर्निर्माणका लागि नेपाल सरकारबाट रु आठ अर्ब ५० करोड बजेट सुनिश्चित भएको छ। त्यस बजेटमध्येबाट काभ्रेपलाञ्चोकतर्फको तीन खण्डका लागि रु सात अर्ब ५० करोड र सिन्धुलीतर्फको खण्डका लागि रु एक अर्बले सडकको स्थायी पुनर्निर्माण गरिनेछ।

बर्खेखोलादेखि डालाबैँसीसम्मको ५ दशमलव ५ किलोमिटर सडक पुनर्निर्माणका लागि भने जाइकासँग छलफल भएअनुसार जाइकाले स्थलगत अध्ययन गरिरहेकाले यस सडकखण्ड पुनःनिर्माणका लागि जापान सरकार करिब तयार जस्तै देखिएको इन्जिनीयर योगेशले बताउनुभयो। "यस सडकखण्डमा साना टनेल बनाउने, भायाडक्ट (अग्ला पुल) बनाउने खालका नयाँ काम हुनसक्ने देखिन्छ, यसका लागि जाइकासँग छलफल चलिरहेको छ, हालको अवस्था हेर्दा जाइकाले चासो दिइरहेकाले हामीले यस खण्डको बोलपत्र निकाल्न कुरेका हौँ," उहाँले भन्नुभयो।

यस सडकखण्डका सानासाना मोडलाई सिधा बनाउन पाँच सय मिटरसम्मका छोटा टनेल (सुरुङमार्ग) बनाउन सकिने उहाँको भनाइ छ। उहाँले सूचना प्रकाशित गरिएका सडकखण्डको पुनर्निर्माण गर्न जेठ पहिलो सातासम्म सम्झौता गर्ने लक्ष्य राखिएको बताउनुभयो। यस्तै क्षतिग्रस्त राजमार्ग पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुई वटा गाडी सहजरूपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्रे भएको र अर्को रोशीखोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ। कार्यालयले पहिलो चरणमा भकुन्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ।

हाल बिपी राजमार्गको यस सडकखण्डमा आउँदो मनसुनको समयमा यातायात सञ्चालन गराउन कार्यालयले अस्थायी सडकको उचाइ बढाउने काम गरिरहेको छ। योगेशले दैनिक विभिन्न ३७ उपकरण परिचालन गरेर अस्थायी सडक मर्मत भइरहेको बताउनुभयो। वर्षायाममा सवारी सञ्चालन गर्न खोलाको बहाव परिवर्तनका साथै खोलाकै निर्माण सामग्रीबाट सडकलाई तीनदेखि सात मिटरसम्म अग्लो बनाइरहेको उहाँको भनाइ छ। "वैशाख मसान्तभित्र बाढीले क्षति गरेको आठ किलोमिटर अस्थायी सडकको उचाइ बढाउने लगायतको अस्थायी काम सक्नेछौँ", उहाँले भन्नुभयो।

यसैबीच बीपी राजमार्गको डालाबेसी-बर्खेखोला' पाँच दशमलव पाँच किमी सडक पुनर्निर्माणका लागि जाइकाले डिजाइन थालेको छ। सरकारले चार वटा प्याकेज बनाएर निर्माण गर्ने प्रक्रिया थालेपछि चारमध्ये एक खण्ड जाइकाले डिजाइन थालेको हो। सडक विभागका इन्जिनीयर शुभराज न्यौपानेका अनुसार जाइकाले डिजाइन गर्दै गरेको खण्डबारे उसैले निर्माण गर्ने/नगर्नेबारे टुङ्गो भने लागेको छैन। यसअघि बाढीले क्षति पुगेपछि पनि जाइकाको टोलीले क्षतिग्रस्त राजमार्गको अध्ययनसमेत गरेको थियो।

जाइकाले अध्ययन गरेपनि क्षतिग्रस्त सडकखढड पुनर्निर्माण गर्नेबारे कुनै प्रतिक्रिया नदिएपछि हाल सरकारले चार प्याकेज बनाएर तीन खण्डको ठेक्का आह्वान गरिसकेको हो।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट विपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिवास एक सय ६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो। खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। यस राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित ब्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### ट्रम्पको यात्रा प्रतिबन्ध, १२ देशका नागरिकलाई अमेरिकामा प्रवेशमा रोक

वासिङ्टन, २६ जेठ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापक नयाँ यात्रा प्रतिबन्ध सोमबार मध्यरातपछि तुरुन्तै लागु भएको छ। यसले एक दर्जन देशका नागरिकलाई संयुक्त राज्य अमेरिकामा प्रवेश गर्न प्रतिबन्ध लगाएको छ र उहाँको पहिलो कार्यकालबाट विभाजनकारी उपायलाई पुनर्जीवित गरेको छ। यो कदमले शरणार्थी मार्गहरूमा बाधा पुऱ्याउने र ट्रम्प प्रशासनले अवैध प्रवेशमाथिको कारबाहीलाई विस्तार गर्दै अध्यागमनलाई थप प्रतिबन्धित गर्ने अपेक्षा गरिएको छ। प्रतिबन्धले समेटेका इरान र अफगानिस्तान जस्ता धेरै राष्ट्रको सयुक्त राज्य अमेरिकासँग शत्रुतापूर्ण सम्बन्ध छ भने हाइटी र लिबिया जस्ता मुलुकले गम्भीर सङ्कटको सामना गरिरहेका छन्। गत हप्ता आफ्नो प्रतिबन्धको घोषणा गर्दै ट्रम्पले कोलोराडोमा यहुदीहरूमाथि हालै भएको 'आतङ्कवादी आक्रमण' ले नयाँ उपायलाई उत्प्रेरित गरेको बताउनुभयो। यो समूहले गाजामा बन्दी बनाइएका बन्धकहरूसँगको ऐक्यबद्धतामा विरोध गरिरहेको थियो भने उनीहरूलाई ह्वाइट हाउसले आफ्नो भिसा अवधि नाघेको भन्दै एक व्यक्तिले आक्रमण गरेको थियो। "त्यो आक्रमणले उचित जाँच नगरिएका वा भिसा अवधि नाघेका विदेशी नागरिकहरूको प्रवेशबाट हाम्रो देशमा उत्पन्न गरेको चरम खतराहरूलाई जोड दिएको छ", ट्रम्पले भन्नुभयो। ह्वाइट हाउसका अनुसार अफगानिस्तान, म्यान्मा, चाड, कङ्गो-ब्राजाभिल, इक्वेटोरियल गिनी, इरिट्रिया, हाइटी, इरान, लिबिया, सोमालिया, सुडान र यमनका नागरिकहरूद्वारा संयुक्त राज्य अमेरिकाको सबै यात्रामा प्रतिबन्ध लगाइएको छ। ट्रम्पले बुरुन्डी, क्युबा, लाओस, सियरा लियोन, टोगो, तुर्कमेनिस्तान र भेनेजुएलाका यात्रुहरूमा पनि आंशिक प्रतिबन्ध लगाउनुभएको छ। ती देशबाट केही अस्थायी कार्य भिसाहरूलाई अनुमति दिइनेछ। ट्रम्पले संसारभरि खतराहरू देखा पर्दै गए अनुसार नयाँ मुलुक थप्न सकिने चेतावनी दिनुभयो।

### जलवायु परिवर्तनले भारतीय किसानहरूको आत्महत्याको जोखिम वृद्धि

बिड (भारत), २६ जेठ (रासस/एएफपी)।

भारतको महाराष्ट्र राज्यको एउटा सानो खेतमा कुरा गर्दै मीराबाई खिन्डकरले खडेरीमा बाली खस्किएपछि र उहाँका पतिले आत्महत्या गरेपछि उहाँको जमिनले ऋण मात्रै उब्जाएको बताउनुभयो। भारतमा किसान आत्महत्याको लामो इतिहास छ। भारतमा धेरैजसो किसान एक बाली फसल नष्ट भएपछि विपत्तिको नजिक पुग्छन् तर जलवायु परिवर्तनले ल्याएको चरम मौसमले नयाँ दबाब थपेको छ। पानीको अभाव, बाढी, बढ्दो तापक्रम र अनियमित वर्षाका कारण घट्दो उत्पादन, अशक्त ऋणले भारतको एक अर्ब ४० करोड जनसङ्ख्याको ४५ प्रतिशतलाई रोजगारी दिने क्षेत्रमा ठूलो असर पारेको छ। तीन एकड (एक हेक्टर) सोयाबिन, कोदो र कपासको जग्गा चर्को गर्मीमा सुकेपछि मीराबाईका पति अमोललाई साहुकारहरूको ऋण लाग्यो। यो उहाँहरूको खेतको वार्षिक आम्दानीको सयौँ गुणा थियो। उहाँले गत वर्ष विष खानुभयो। "जब उहाँ अस्पतालमा हुनुहुन्थ्यो, मैले सबै देवताहरूसँग उहाँलाई बचाउन प्रार्थना गरेँ", ३० वर्षीया मीराबाईले गला अवरुद्ध पार्दै भन्नुभयो। एक हप्तापछि अमोलको मृत्यु भयो। उहाँले मीराबाई र तीन सन्तान छोड्नुभयो। उहाँसँग मीराबाईको अन्तिम कुराकानी ऋणका बारेमा नै थियो। कुनै समय उर्वर खेतीयोग्य जमिनका लागि परिचित महाराष्ट्रको एक करोड ८० लाख जनसङ्ख्या भएको मराठवाडाभरि तिनीहरूको व्यक्तिगत त्रासदी दैनिक रूपमा दोहोरिरहेको छ। नयाँदिल्लीस्थित सेन्टर फर साइन्स एन्ड इनभायरोन्मेन्ट अनुसन्धान समूहका अनुसार गत वर्ष भारतभर चरम मौसमी घटनाहरूले ३२ लाख हेक्टर (७९ लाख एकड) बालीको भूमिलाई असर गऱ्यो। यो भनेको बेल्जियमभन्दा ठूलो क्षेत्र हो। त्यसको ६० प्रतिशतभन्दा बढी महाराष्ट्रमा थियो। "गर्मी चरम हुन्छ र हामीले आवश्यक गरे पनि उत्पादन पर्याप्त हुँदैन", अमोलका भाइ र सहकर्मी किसान बालाजी खिन्डकरले भन्नुभयो, "खेतमा सिँचाइ गर्न पर्याप्त पानी छैन। ठिकसँग वर्षा हुँदैन।"

### इजरायलद्वारा गाजामा सहायता प्रवाहमा अवरुद्ध

जेरुसेलम, २६ जेठ (रासस/एएफपी)।

इजरायलले सोमबार गाजाका लागि सहायता लिएर आएको डुङ्गालाई अवरुद्ध गरेको छ। डुङ्गामा स्विडेनकी अभियानकर्ता ग्रेटा थनबर्गलगायत कार्यकर्ताहरू प्यालेस्टिनी क्षेत्रमा सहायता लिएर जाँदै थिए। संयुक्त राष्ट्रसङ्घले 'पृथ्वीमा सबैभन्दा अनिकालको ठाउँ' भनेको गाजामा खाद्यान्नको अभावबारे चेतना ल्याउने उद्देश्यले थनबर्ग जुन १ मा इटालीबाट प्रस्थान गर्नुभएको थियो। एक्काइस महिनाको युद्धपछि संयुक्त राष्ट्रसङ्घले यस क्षेत्रको सम्पूर्ण जनसंख्या अनिकालको जोखिममा रहेको चेतावनी दिएको छ। इजरायली सेनाले अन्तर्राष्ट्रिय पानीमा जहाजलाई गाजा नजिक आउँदै गर्दा 'जबरजस्ती रोकेको' फ्रिडम फ्लोटिला गठबन्धनले एक विज्ञप्तिमा बताएको छ। प्यालेस्टिनी समूह हमासले डुङ्गालाई इजरायली बन्दरगाह अशदोदमा लगिएको भन्दै डाइभर्जनको निन्दा गरेको छ। इजरायली सरकारले 'अनधिकृत' जहाजलाई गाजाको नौसेना नाकाबन्दी उल्लङ्घन नगरी फर्किन आग्रह गरेको बताएको छ। आइतबार रक्षामन्त्री इजरायल काट्जले प्यालेस्टिनी लडाकूहरूलाई हतियार आयात गर्नबाट रोक्नका लागि इजरायल-हमास युद्धभन्दा धेरै वर्षअघिको नाकाबन्दी आवश्यक रहेको बताउनुभएको थियो। डुङ्गालाई डाइभर्ट गरेपछि इजरायलको विदेश मन्त्रालयले लाइफ ज्याकेटमा रहेका कार्यकर्ताहरूलाई पानी र स्यान्डविच दिइरहेको तस्वीर पोस्ट गरेको थियो। इजरायलले खाद्यान्न र आधारभूत आपूर्तिको व्यापक अभाव कम गर्न गाजामा थप सहयोगको अनुमति दिन बढ्दो अन्तर्राष्ट्रिय दबाबको सामना गरिरहेको छ। यसले भर्खरै मानवीय वितरणलाई दुई महिनाभन्दा बढी प्रतिबन्ध लगाएपछि पुनः सुरु गर्न अनुमति दिँदै नवगठित अमेरिका समर्थित गाजा मानवतावादी फाउन्डेसन (जिएचएफ) सँग काम गर्न थालेको भए पनि मानवीय संस्थाहरूले जिएचएफको आलोचना गरेका छन् र संयुक्त राष्ट्रसङ्घले यसको अभ्यास र तटस्थतामाथिको चिन्तालाई उद्धृत गर्दै यससँग काम गर्न अस्वीकार गरेको छ।

# ७२ जिल्लामा फैलियो डेङ्गी

काठमाडौँ, २६ जेठ (रासस)।

मनसुन लागेसँगै डेङ्गी सङ्क्रमण देखिन थालेको छ। जुनदेखि अगस्टसम्म (असार-भदौ) सम्मलाई डेङ्गी सङ्क्रमणको जोखिम कायम रहने महिनाको रूपमा लिइन्छ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी) को तथ्याङ्कअनुसार जनवरी १ देखि जुन ८ सम्म एक हजार दुई सय ५५ केश भेटिएका छन् भने ७२ वटा जिल्लामा डेङ्गी सङ्क्रमण पुष्टि भइसकेको छ।

सबैभन्दा धेरै सङ्क्रमितको सङ्ख्या काठमाडौँमा देखिएको छ। काठमाडौँमा एक सय ३२, कास्कीमा ९०, सुनसरीमा ८७, चितवनमा ६१, पाल्पामा ५१, रुपन्देहीमा ४७, कञ्चनपुरमा ३७, दाङमा ३२ र भक्तपुरमा ३० वटा केशहरू रिपोर्ट भएका छन्।

इडिसिडीका कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले डेङ्गीलाई शून्यमा नै ल्याउने र डेङ्गी गराउने लामखुट्टे सखाप नै पार्न भन्ने अवस्था सिर्जना गर्न नसकिएता पनि नियन्त्रण भने गर्न सकिने बताउनुभयो। उहाँले भन्नुभयो, "डेङ्गीको सङ्क्रमण र मृत्युदर घटाउन सकिन्छ। यसका लागि सबै जनाको समन्वय आवश्यक हुन्छ। नागरिक, समुदाय, सरकारी-गैरसरकारी संस्था सबैले हातेमालो गर्नुपर्छ।"

डा दाहालले यो वर्ष मनसुन छिट्टै सुरु भएको र मौसमविद्ले पानी धेरै पर्न सक्ने आँकलन गरेकाले सङ्क्रमण बढ्न सक्ने सम्भावना रहने सक्ने बताउनुभयो। "यो वर्ष डेङ्गी सङ्क्रमण बढ्छ वा स्थिर रहन्छ भनेर आँकलन गर्न हामीसित भेक्टरको पर्याप्त तथ्याङ्क छैन। यद्यपि मनसुन केही अघि सुरु भएको र धेरै पानी पर्ने भनिएको हुनाले पानी जम्मा हुने र सञ्चित भएर बस्ने र लामखुट्टेको विकास हुने सम्भावनालाई नकार्न मिल्दैन", उहाँले भन्नुभयो।

डा दाहालका अनुसार सबैले डेङ्गी नियन्त्रणमा सबैले आआफ्नो ठाउँबाट बराबर सहभागिता जनाए तीनै तहले डेङ्गी नियन्त्रणसम्बन्धी आवश्यक कार्यक्रम डेङ्गी सङ्क्रमण र यसबाट मृत्यु हुने दर पनि कम गर्न सकिन्छ।

डेङ्गी एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो। डेङ्गीबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ। यसबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने, पानीको ट्याङ्की पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नाले पानी जम्मा गरी राखिएका पानीको ट्याङ्की, ड्रम, गाग्री, बाल्टिनलाई लामखुट्टे छिर्न नपाउने गरी राम्रोसँग छोपेर राख्ने, आफ्नो घर वरपर, कार्यस्थल र सार्वजनिक स्थानमा फाएिका काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, टिका बट्टा, प्लास्टिकजन्य वस्तुहरू तथा पानी जन्म नसक्ने अन्य भाँडा तथा सामग्रीलाई पानी नजम्ने गरी व्यवस्थापन गर्न विज्ञको आग्रह छ।

# इनड्राइभको कार्यालय उद्घाटन



**दैनिक समाचारदाता**
**काठमाडौं, २६ जेठ।**

नेपालको एक अग्रणी राइड-हेलिङ एप, इनड्राइभले काठमाडौंमा आफ्नो आधिकारिक कार्यालय उद्घाटन गरेको छ। इनड्राइभको स्थानीय ड्राइभर पार्टनर्सहरू प्रति समर्पण, शहरभरि राइडहरूको लागि सेवाको गुणस्तर बढाउने, र कम्युनिटी इनिसिएसनलाई सशक्त बढाउने उद्देश्यले कार्यालय खोलिएको हो।

नयाँ कार्यालयले ड्राइभर पार्टनर्सलाई सशक्त बनाउने र समग्र इनड्राइभ अनुभव सुधार गर्ने उद्देश्यले विभिन्न सेवाहरूको लागि केन्द्रको रूपमा काम गर्ने जनाइएको छ। काठमाडौंस्थित नयाँ कार्यालयले ड्राइभर कम्युनिटीको सशक्तीकरण, राइडरहरूको अनुभव सुधार, र स्थानीय स्तरमा सेवालाई अझ प्रभावकारी बनाउने उद्देश्य बोकेको छ।

यस कार्यालयमार्फत इनड्राइभले अब ड्राइभर सपोर्ट, सीप विकासका लागि तालिम कार्यक्रमहरू, समुदाय तथा सुरक्षा-केन्द्रित अभियानहरू, साथै स्थानिय आवश्यकता अनुसार अनुकूलित मार्केटिङ र साझेदारी कार्यक्रमहरू सञ्चालन गर्नेछ।

नयाँ कार्यालयमा नियमित प्रशिक्षण सत्रहरू सञ्चालन गरिने जसले चालकहरूलाई व्यावसायिक रूपमा बढ्न र उच्चतम स्तरको सेवा प्रदान गर्न आवश्यक ज्ञान र जानकारीहरू प्रदान गर्ने जनाइएका छ।

काठमाडौंमा कार्यालय सुरु गर्नु इनड्राइभको सम्मानलाई अझै अगाडि बढाउनुका साथै इनड्राइभलाई चालक-केन्द्रित, पारदर्शी, र समुदाय-संचालित मोबिलिटी प्लेटफर्मको रूपमा थप मजबुत बनाउने जनाइएको छ।

# लम्पी स्किन र अफ्रिकन स्वाइन फिभरको अवस्था पत्ता लगाउन टोली परिचालन

काठमाडौँ, २६ जेठ (रासस)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले हाल मुलुकका केही स्थानका पशु चौपायामा लम्पी स्किन र अफ्रिकन स्वाइन फिभर देखापरेको विषयमा उक्त रोगको वस्तुगत अवस्थिति अध्ययन गरी तत्काल नियन्त्रणका लागि प्रभावकारी उपाय पहिचान गर्न मातहतका निकायलाई परिचालन गरेको छ।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीको अध्यक्षतामा सोमबार बसेको सम्बन्धित अधिकारीहरुको बैठकले पशु सेवा विभागअन्तर्गतका वरिष्ठ पशु चिकित्सकको नेतृत्वमा पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, प्रदेश मन्त्रालयअन्तर्गतका सम्बन्धित अधिकृत र स्थानीय तह समेतको सहभागितामा टोली गठन गरी तत्काल रोग देखापरेका क्षेत्रमा परिचालन गर्ने निर्णय गरेको छ। रोगको वस्तुस्थितिको दैनिक/आवधिक रिपोर्टिङ पशु सेवा विभागले मन्त्रालयका पशु स्वास्थ्य महाशाखाका वरिष्ठ पशु चिकित्सक डा तपेन्द्रप्रसाद बोहोरालाई गराउने गरी 'फोकल प्वाइन्ट' तोकिएको मन्त्रालयले जनाएको छ।

बैठकले वर्षायामको सुरुआत हुने क्रमसँगै देखा पर्न सक्ने लामखुट्टेलगायत किराहरुबाट सर्ने पशुको रोगहरुको जोखिमलाई आकलन गरी रोग नियन्त्रण र खोप कार्यका लागि आवश्यक पर्ने खोपसहितका आवश्यक वस्तु तथा पारिश्रमिक समेतको लागत तयार गरी रोग नियन्त्रण तीनै तहका सरकारको सहभागितामा हुनेगरी परिचालनका लागि स्रोत व्यवस्थापन समेतको आकलन गर्न पशु सेवा विभागलाई निर्देशन दिएको मन्त्री अधिकारीको सचिवालले जनाएको छ।

# विपद्मा परी मधेशमा ४ सय २२ को मृत्यु

महोत्तरी, २६ जेठ (रासस)।

मधेस प्रदेशमा चालु आर्थिक वर्षमै विपद्मा परी ४२२ जनाको ज्यान गएको छ।

बर्दिवासमा आइतबार मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले आयोजना गरेको विपद्सम्बन्धी जनचेतनामूलक कार्यक्रममा प्रदेश प्रहरी कार्यालयले बाढीले बगाएर, पानीमा डुबेर, चट्याङ, आगलागी, हावाहुरी र हिंस्रक जन्तुको आक्रमणसहितका घटनामा परी उक्त सङ्ख्यामा मानवीय क्षति भएको जनाएको हो। साना ठूला गरी यस अवधिमा दुई हजार २५८ विपद्का घटना घटेकामा ९०० जना घाइते र रु ५६ करोड ६७ लाख २४ हजार २१२ बराबरको आर्थिक क्षति भएको प्रदेश प्रहरी कार्यालयले प्रस्तुत गरेको तथ्याङ्कमा उल्लेख छ।

प्रदेशका आठ वटै जिल्लामा दुई लाख २८ हजार ६८७ सर्वसाधारण वर्खाजन्य विपद्को जोखिममा रहेको प्रदेश प्रहरी कार्यालय जनकपुरधामको आँकलन छ। यो सङ्ख्या प्रदेशका ५२ हजार ३३१ परिवारको रहेको प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुर्वेदीले स्पष्ट पार्नुभयो।

महोत्तरी, धनुषा र सर्लाही तीन जिल्लालाई समेटेर गरिएको कार्यक्रममा गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिवसहितका अधिकारी, प्रदेशस्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखसहित सुरक्षा निकायका प्रमुखको सहभागिता थियो। विपद् प्रतिकार्य र उद्धारमा सरिक हुँदै आएका सामाजिक सङ्घसंस्थाका अधिकांश अगुवाहरुले विपद् लापरबाही र अटेरीपनले पनि हुने गरेका टिप्पणी गरे।

विकास योजना सञ्चालन गर्दा विपद् सम्वेदनशीलता नअपनाइने सहभागीहरुले टिप्पणी गर्नुभयो। मधेसमा डुबान, कटानजस्ता विपद् सडक बनाइँदा बन्द गरिएका ढल, पानीको प्राकृतिक निकास अवरुद्ध र इटा, बालु, ढुङ्गा र फलामे छड जथाभावी राखिने क्रमले पनि हुने गरेको महोत्तरीका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताउनुभयो। महोत्तरीका सात वटा स्थानीय तह सधैँ वर्खा सुरु हुनासाथ कटान र डुबानको जोखिममा रहने गरेका उहाँको भनाइ छ।

विपद्का प्रकृति, अवस्था र निदानका उपायबारे स्थानीय तहले नै प्रारम्भिक नक्साङ्कन गरेर जिल्लास्थित विपद् व्यवस्थापन समिति, प्रादेशिक र सङ्घीय सरकारमा पहलकदमी लिन पर्नेमा त्यस्तो हुन नसकेको सहभागीको गुनासो थियो।

प्रदेशमै विपद पूर्वतयारीका काम खासै नभएको गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको स्वीकारोक्ति छ। यसअघि यस्तो प्रयास भएको नपाइएपनि जनधनको सुरक्षार्थ यसपालि बर्खापूर्व योजनाबद्ध तयारी थालिएको उहाँले जानकारी दिनुभयो। आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा विपद् बचावका कार्यक्रम समावेस गरिने, प्रतिकार्य र उद्धार प्रभावकारी बनाउन कार्ययोजना बनाइने उहाँले प्रतिबद्धता जनाउनुभयो।


## मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट जारी छुट जग्गा दर्ता सहित नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८२/२/२५

सप्तरी जिल्ला बरमझिया गा.वि.स. वा.नं. १ हाल परिवर्तित ठेगाना कन्चनरुप न.पा. वा.नं. २ बस्ने जितन पंडित, रतन पंडित कुम्हाल र विशेश्वर पंडित समेत ३ (तीन) जनाले बाबु फौदी पंडित कुम्हालको नाममा नाप नक्सा भई दर्ता हुन सम्म छुट भएको तपसील बमोजिमको जग्गा रहेकोमा निज फौदी पंडित कुम्हालको मिति २०४५।४।२९ मा र निजको एकमात्र पत्नि सुगावतीदेवी पंडितको मिति २०३४ साल अगावैमा मृत्यु भएको र निजहरुको शेषपछिको हकवाला अविवाहित छोरीहरु कोही नभई तीन मात्र छोराहरु र जितन पंडित, रतन पंडित कुम्हाल र विशेश्वर पंडित मात्र रहेकोले हाम्रो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊं भन्ने व्यहोरा खुलाई यस कार्यालयमा निवेदक संख्या तीनले द.नं. ५८९६ मिति २०८२।१।३१ मा निवेदन मागदावी गरेकोमा निवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुनु नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गूठी लगायत अन्य सांध संधियारको जग्गा घूसी घूसाई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित किता जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दावी गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको उजूर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ।

तपसील

| मृतक ज.ध. | ज.ध.को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| फौदी पंडित कुम्हाल | हितलाल | दुखी पंडित | सप्तरी | बरमझिया | ५ | १४२ | ०-५-७ | फिल्डबुक उत्तारको कैफियत महलमा दा.खा. बाँकी उल्लेख रहेको। |
| | | | सप्तरी | बरमझिया | ५ | १७ | ०-०-१३ | |

कार्यालय प्रमुख
मालपोत कार्यालय,
कन्चनपुर, सप्तरी



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*